Vangmaya
Vol. 22, No. 1: 80-93, July-August 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/10.3126/vangmaya.v22i1.85434
Orcid: https://orcid.org/0009-0004-2446-101X

# *शून्यको मूल्य*को साहित्यिक मूल्य

**डा. प्रेमप्रसाद चौलागाईं***


## लेखसार

*प्रस्तुत लेख शून्यको मूल्य नामक कृतिको साहित्यिक मूल्यको विश्लेषणमा केन्द्रित छ । गुणात्मक प्रकृतिको प्रस्तुत लेखमा शून्यको मूल्यको साहित्यिक मूल्यको विश्लेषणका लागि पूर्वीय साहित्य सिद्धान्तअन्तर्गतको ध्वनिसिद्धान्तलाई आधार बनाई वस्तुसौन्दर्य, भावसौन्दर्य, युगीन सौन्दर्य र भाषिक सौन्दर्यलाई सूचक बनाइएको छ । यिनै सूचकका आधारमा विश्लेषणात्मक विधिको अनुसरण गरी शून्यको मूल्यको साहित्यिक मूल्यको विश्लेषण गरिएको छ । ध्वनिसिद्धान्तका अनुसार भावसौन्दर्य (प्रतीयमान वस्तु)अन्तर्गत भाव र विचार (साहित्य सिर्जनाको प्रयोजनसमेत) रहने भएकाले यो साहित्यिक मूल्य निरूपणको सबैभन्दा महत्त्वपूर्ण आधार हो भने वस्तुसौन्दर्य, युगीन सौन्दर्य र भाषिक सौन्दर्य यसैका परिपूरक आधार हुन् । शून्यको मूल्यमा समाजबाट वस्तुचयन गरिएको छ । कर्णालीका आमा र यिनले आफ्ना शिशुको स्वास्थ्यका लागि गर्नुपरेको सङ्घर्ष, भोग्नुपरेका पीडा, आर्थिक अभाव, बेरोजगारी, अशिक्षा, भेदभाव, नीतिनिर्माणमा राज्यको उदासीनता यसमा व्यक्त भएका वस्तुसौन्दर्य हुन् । यिनै वस्तुसौन्दर्यको पृष्ठाधारमा करुणा, आक्रोश, स्नेह र उत्साह भावसौन्दर्यका साथै शून्यको मूल्य (मानव जातिको विकासको पहिलो आधार) थप्न आमाहरू मात्र सङ्घर्षरत नभई परिवार, समाज र सिङ्गो राष्ट्र समर्पित भए मात्र मानव जातिको सर्वाङ्गीण विकास भई खुसी प्राप्त हुन्छ भन्ने विचारसौन्दर्य व्यक्त भएको छ । नेपालमा गणतन्त्र स्थापित भइसकेपछिको अवधिमा सिर्जना गरिएकाले शून्यको मूल्यमा आर्थिक क्रान्तिका माध्यमबाट नेपालको रूपान्तरण गर्नुपर्छ भन्ने युगीन सौन्दर्य पनि व्यक्त भएको छ । भावअनुरूप भाषाका विशिष्ट एकाइको चयन, पुनरावृत्ति, सञ्चलन र विचलनका कारण शून्यको मूल्य भाषिक सौन्दर्यका दृष्टिले पनि उल्लेख्य कृतिका रूपमा देखापरेको छ । यसरी साहित्यिक मूल्यका मापक वस्तुसौन्दर्य, भावसौन्दर्य, युगीन सौन्दर्य र भाषिक सौन्दर्यका आधारमा शून्यको मूल्य नेपाली साहित्यको उल्लेख्य कृति हो भन्ने निष्कर्ष प्राप्त भएको छ ।*


**शब्दकुञ्जी :** भाव, भाषा, वस्तु, विचार, सौन्दर्य ।

## विषयपरिचय

*शून्यको मूल्य* (२०७९) नवराज केसी (२०४१) द्वारा लिखित सिर्जनात्मक कृति हो । पेसाले चिकित्सक र समाजसेवामा समेत सक्रिय रूपमा समर्पित केसीको यो पहिलो कृति हो । उनले कविता, गीत, नाटक र निबन्धको सिर्जना पनि गरेका छन् । यस कृतिलाई लेखक स्वयम्ले सास, साहस र स्नेहको कथा समेटिएको गैरआख्यानात्मक सिर्जनाको संज्ञा दिएका छन् । एउटै कृतिका लागि शीर्षकमै कथा र गैरआख्यान दुवै शब्दको प्रयोग गर्दा विरोधाभास देखिएको छ । यस कृतिमा कर्णालीका दुःखी र सङ्घर्षरत आमाहरू, तिनका यथार्थ भोगाइ र तिनलाई लेखक स्वयम् डाक्टर पात्र (बाह्य दृष्टिविन्दु, तृतीय पुरुष पात्र)का रूपमा उपस्थित भएर दिएका मार्गनिर्देशन र सहयोगसमेतलाई

---

* डा. चौलागाईं त्रिचन्द्र बहुमुखी क्याम्पसमा सहप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

मुख्य विषयवस्तु बनाई सिर्जना गरिएका 'बुधेकी फुपूआमा', 'बुवालाई चिठी', 'भेडिनी कान्छी', 'मृत्युपछिको जीवन' र 'पुतली आमा' गरी पाँचओटा शीर्षकमा पाँचओटा मूल कथा र शीर्षकको मूल प्रसङ्गलाई पछ्याउने अन्तर्निविष्ट अन्य पाँचओटा कथा (बेनामे लाटी, लोग्नेको पिटाइबाट गर्भस्थ शिशु गुमाएकी शान्ति, बाजुराकी बेनामे बिरामी आमा, आमाको मायाको अभावमा एन्जाइटीग्रस्त बनेकी बालिका र बलात्कारबाट बच्न निर्वस्त्र सडकमा निस्केकी युवती) गरी दश ओटा कथा सङ्गृहीत छन् र ती कथाका बिचबिचमा चिकित्साविज्ञान, मनोविज्ञान, समाजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र र अध्यात्म दर्शनसँग सम्बद्ध लेखकका ज्ञान र अनुभवलाई निबन्धात्मक शैलीमा प्रस्तुत गरिएका अंशहरू छन् । यस कृतिका कथामा करुणा, आक्रोश, स्नेह र उत्साह भावका साथै जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि हरेस नखाई जीवनमा अघि बढिरहने प्रेरणा र आर्थिक क्रान्तिका माध्यमबाट समाज रूपान्तरण गर्नुपर्ने विचार अभिव्यक्त भएका छन् भने निबन्धात्मक अंशमा चिकित्साविज्ञान, मनोविज्ञान, समाजशास्त्रसँग सम्बद्ध ज्ञान, अनुभव र विचारहरू अभिव्यक्त भएका छन् । यसैले यस कृतिलाई गैरआख्यान भन्नुभन्दा आख्यान र निबन्ध विधाको मिश्रण भएको निआख्यान (निबन्ध+आख्यान) विधाका रूपमा लिनु उपयुक्त हुने देखिन्छ ।

*शून्यको मूल्य*का बारेमा बुद्धिसागर (२०७९) ले प्रस्तुत कृतिकै पछिल्लो बाहिरी आवरणमा "यस भित्रका कथाले संसारका कुनै पनि कुनाका मानिसका आत्मा नै सिरिङ्ङ पार्ने सामर्थ्य राख्छन्" भन्दै कृतिको वैशिष्ट्यबारे सङ्क्षिप्त मन्तव्य प्रस्तुत गरेका छन् । नेपाली (२०७९) र तामाङ (२०७९) ले पाठकीय प्रतिक्रिया प्रस्तुत गर्ने यस कृतिका सन्देशगत केही वैशिष्ट्यको चर्चा गरेका छन् । अधिकारी (सन् २०२३) ले यस कृतिको अन्तर्विषयात्मकताको अध्ययन गरेकी छन् । यसर्थ *शून्यको मूल्य*को परिचयात्मक र अन्तर्विषयात्मक अध्ययन भए पनि यस कृतिको साहित्यिक मूल्यको अध्ययन भएको देखिँदैन । यही शोधरिक्तताको परिपूर्तिका लागि यस कृतिको साहित्यिक मूल्यको अध्ययन गर्नु वाञ्छनीय देखिन्छ । अतः यस लेखमा पूर्वीय साहित्य सिद्धान्तअन्तर्गतको ध्वनिसिद्धान्तका मान्यताका आधारमा यसको साहित्यिक मूल्यको अध्ययन गरिएको छ । यसैले यो लेख ध्वनिसिद्धान्तका आधारमा *शून्यको मूल्य*को साहित्यिक मूल्य केकस्तो छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधानमा केन्द्रित छ ।

## अध्ययनविधि

गुणात्मक प्रकृतिको प्रस्तुत अध्ययनमा पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा *शून्यको मूल्य* रहेको छ भने द्वितीयक सामग्रीअन्तर्गत साहित्यिक मूल्य सिद्धान्तसम्बद्ध सामग्री रहेका छन् । यस कृतिमा *शून्यको मूल्य*को साहित्यिक मूल्यको विश्लेषणका लागि ध्वनिसिद्धान्तलाई आधार बनाइएको छ । ध्वनिसिद्धान्तका मान्यताका आधारमा वस्तुसौन्दर्य, भावसौन्दर्य, युगीन सौन्दर्य र भाषिक सौन्दर्यलाई सूचक बनाई तिनै सूचकका आधारमा *शून्यको मूल्य*को पाठविश्लेषण गरी यसको साहित्यिक मूल्यको निरूपण गरिएको छ ।

## साहित्यिक मूल्यसम्बन्धी सैद्धान्तिक आधार र विश्लेषणको ढाँचा

'मूलेन समम्' अर्थात् मूलको समान भन्ने अर्थमा बनेको मूल्य शब्द (पाणिनि, सन् १९९४, पृ. ६९१/ *अष्टाध्यायी* ४।४।९१) को अर्थ मूल वस्तुका लागि दिइने अन्यवस्तु वा धन हो । कुनै पनि वस्तुको गुण र प्रयोजनका आधारमा दिइने अन्य वस्तु वा धनको निर्धारण हुने भएकाले मूल्यनिर्धारणका प्रमुख आधार भनेका वस्तुका गुण र प्रयोजन हुन् । यस अभिप्रायमा कुनै पनि वस्तुको मूल्य भनेको त्यसको गुण र प्रयोजन हो ।

संसारका हरेक वस्तुको आफ्नो गुण हुनुका साथै त्यसको केही न केही प्रयोजन हुने भएकाले सबै वस्तु मूल्यवान् हुन्छन् । तिनको मूल्यलाई अन्य वस्तुको गुण र प्रयोजनका आधारमा निर्धारण गरिन्छ । "कुनै पनि वस्तुको मूल्यनिर्धारण त्यसको उत्पादन लागत (श्रम र कष्ट) र प्रयोजनका आधारमा हुन्छ" (ज्ञवाली, २०५३, पृ. २५) । यसर्थ कुनै पनि वस्तु जति साधनासाध्य, गुणवान् र उपयोगी छ त्यो वस्तु त्यति नै मूल्यवान् हुन्छ ।

साहित्य पनि साधनासाध्य सिर्जनात्मक वस्तु भएकाले यसको पनि मूल्य हुन्छ । साहित्य शब्दको व्युत्पत्तिलभ्य अर्थबाट पनि यो साधनासाध्य सिर्जनात्मक वस्तु हो भन्ने देखिन्छ । 'सहितयोः शब्दार्थयोर्भावः' यस विग्रहमा समास भई बनेको 'सहहित>सहित' शब्दमा 'ष्यञ्' प्रत्ययको संयोजनबाट बनेको 'साहित्य' शब्द (पाणिनि, सन् १९९४, पृ.६९३/अष्टाध्यायी ५।१।१२३) को अर्थ समाजलाई हित गर्ने शब्द र अर्थको सौन्दर्यपूर्ण सिर्जनात्मक प्रयोग हो । यहाँ प्रयुक्त 'शब्द'ले कलात्मक भाषालाई र 'अर्थ'ले भाव र विचारलाई सङ्केत गरेकाले भाव र विचारको सौन्दर्यपूर्ण भाषिक प्रस्तुति साहित्य हो भन्ने स्पष्ट हुन्छ । यस व्युत्पत्तिलभ्य अर्थअनुसार लोककल्याणकारी भाव/विचार र भाषा साहित्यका तत्त्व हुन् भन्ने स्पष्ट हुन्छ । मुक्तक र लघु कविता साहित्यिक विधाका रूपमा रहनुले यसको पुष्टि हुन्छ । आख्यान विधामा चाहिँ भाव र विचार आख्यानसूत्रमा आबद्ध भएर आउने भएकाले पात्र र परिवेश पनि साहित्यका तत्त्वका रूपमा रहन्छन् ।

साहित्यका यिनै प्रमुख तत्त्वका आधारमा साहित्यिक मूल्यको निरूपण गर्न प्रस्तुत गरिएका सिद्धान्तमध्ये पूर्वीय साहित्य सिद्धान्तअन्तर्गतको ध्वनिसिद्धान्त एक उल्लेख्य सिद्धान्त हो । ध्वनिसिद्धान्तका प्रवर्तक आनन्दवर्धन (इस्वी नवौँ शताब्दी) हुन् । यस सिद्धान्तलाई थप व्याख्या गर्ने कार्यमा अभिनव गुप्त, विश्वनाथ र जगन्नाथको उल्लेख्य योगदान छ । ध्वनिसिद्धान्तले "प्रतीयमानं पुनरन्यदेव वस्तु....विभाति लावण्यमिवाङ्गनासु" (आनन्दवर्धन, सन् १९६४, पृ. १०/*ध्वन्यालोक* १/४) अर्थात् साहित्यमा प्रतीयमान वस्तु मुख्य सौन्दर्य हो र यो सौन्दर्य नारीका शरीरको कुनै अङ्गविशेषबाट व्यक्त हुने व्यष्टि सौन्दर्य (लावण्य) नभई समग्र शारीरिक संरचनाबाट व्यक्त हुने समष्टि सौन्दर्यसदृश हुन्छ भनी बताएको छ । ध्वनिसिद्धान्तका अनुसार प्रतीयमान वस्तु भनेको व्यञ्जना शक्तिका माध्यमबाट अभिव्यक्त हुने भाव र विचारको समष्टि रूप हो । यिनै भाव र विचारबाट नै स्रष्टाले साहित्य सिर्जनाको प्रयोजनसमेत अभिव्यक्त गरेको हुन्छ । साहित्यिक पाठबाट अभिधेय/सामान्य अर्थ व्यक्त भइसकेपछि वक्ता, श्रोता, परिस्थिति र समयअनुसार प्रतीयमान वस्तुको अभिव्यक्ति हुन्छ । अभिधेय अर्थको अभिव्यक्ति भइसकेपछि प्रतीयमान वस्तुको ध्वनन/अनुरणन हुने भएकाले यसलाई 'ध्वनि' भनिएको छ भने व्यञ्जना शक्तिबाट यसको बोध हुने भएकाले यसलाई व्यङ्ग्य अर्थ पनि भनिएको छ । यो सन्देशका दृष्टिले सार्वभौम र सार्वकालिक प्रभाव पार्न समर्थ हुनुका साथै लेखकीय भावको साधारणीकरणबाट पाठकीय मनमा रसानुभूतिको उच्चतम आनन्द दिने प्रकृतिको हुन्छ (आनन्दवर्धन, सन् १९६४, पृ. ८५-९४) । यसैले अभिधेय अर्थबाट व्यक्त हुने प्रतीयमान वस्तुले नै युगीन सौन्दर्यको पनि अभिव्यक्ति गरेको हुन्छ भन्ने ध्वनिसिद्धान्तको मान्यता हो । आनन्दवर्धन (सन् १९६४, पृ. ८५-९४) ले प्रतीयमान वस्तुलाई रसमूलक, अलङ्कारमूलक र वस्तुमूलक गरी तीन प्रकारमा वर्गीकरण गरेका छन् । लेखकीय भावको साधारणीकरणबाट पाठकीय मनमा रसानुभूतिको उच्चतम आनन्द दिने वस्तु रसमूलक प्रतीयमान वस्तु हो । अभिधेय अर्थबाट सौन्दर्यपूर्ण/चमत्कृतिपूर्ण प्रतीयमान वस्तुको अभिव्यक्ति हुन्छ भने त्यो अलङ्कारमूलक प्रतीयमान वस्तु हो । अभिधेय अर्थबाट रस र अलङ्कार नभई अन्य अर्थको पनि अभिव्यञ्जन हुन सक्छ, यस्तो अर्थ वस्तुमूलक प्रतीयमान वस्तु हो (आनन्दवर्धन, सन् १९६४, पृ. ८७-९०) । यसर्थ ध्वनिसिद्धान्तका अनुसार प्रतीयमान वस्तु नै साहित्यको मूल्यनिर्धारक प्रमुख तत्त्व हो । भावले आक्रोश करुणा

आदि भावका साथै साहित्यबाट भन्न खोजिएको कुरा/विचार समेतलाई बुझाउने भएकाले ध्वनिसिद्धान्तका सन्दर्भमा प्रतीयमान वस्तु भनेको भावसौन्दर्य हो भन्ने स्पष्ट हुन्छ ।

नारीहरूमा हुने समष्टि सौन्दर्य शारीरिक संरचनासापेक्ष भएझैं प्रतीयमान वस्तुमा रहेको सौन्दर्य पनि वस्तुसापेक्ष हुन्छ । यसैले वस्तु पनि साहित्यिक सौन्दर्य सोपानको पहिलो खुट्किलाका रूपमा रहेको हुन्छ भन्ने ध्वनिसिद्धान्तको मान्यता हो । साहित्यमा वस्तुको चयन इतिहास, पुराण, दर्शन, जीवनी आदि प्रसिद्ध विषय र समाजबाट गरिएको हुन्छ । साहित्यमा यसको बोध अभिधा शक्तिका माध्यमबाट हुन्छ । "प्रतीयमान वस्तु वक्ता, श्रोता, परिस्थिति र समयसापेक्ष हुन्छ" (विश्वनाथ, सन् १९५५, पृ. ६१) । यसर्थ साहित्य युगीन सौन्दर्यको अभिव्यक्ति हो । प्रतीयमान वस्तुको अभिव्यक्तिको माध्यम भाषा भावअनुरूप सौन्दर्यपूर्ण हुँदा मात्र यसबाट साहित्यिक सौन्दर्य अभिव्यक्त हुने भएकाले भाषिक सौन्दर्य पनि साहित्यिक सौन्दर्यको परिपूरक घटक हो भन्ने स्पष्ट हुन्छ । स्रष्टाले भावअनुरूप भाषालाई सुन्दर बनाउन विशिष्ट भाषिक एकाइको चयन, तिनको पुनरावृत्ति (दाहोऱ्याउने काम), सञ्चलन (भावलाई जोड दिने एकाइलाई अग्रीकरण गर्ने कार्य) र विचलन (मानक रूपभन्दा भिन्न प्रयोग) गरेको हुन्छ । यसैले ध्वनिसिद्धान्तका अनुसार वस्तुसौन्दर्य, भावसौन्दर्य, युगीन सौन्दर्य र भाषिक सौन्दर्य साहित्यक मूल्यका मापक तत्त्व हुन् भन्ने स्पष्ट हुन्छ । यहाँ पनि यिनै सूचकका आधारमा *शून्यको मूल्य*को साहित्यिक मूल्यको निरूपण गरिन्छ ।

## विमर्श र परिणाम

सैद्धान्तिक आधारमा उल्लेख भएअनुसार साहित्यिक मूल्यको निरूपण वस्तुसौन्दर्य, भावसौन्दर्य, युगीन सौन्दर्य र भाषिक सौन्दर्यबाट गर्न सकिने भएकाले यहाँ पनि यिनै सूचकका आधारमा *शून्यको मूल्य*को साहित्यिक मूल्यको विश्लेषण गरिन्छ :

### *शून्यको मूल्य*मा वस्तुसौन्दर्य

*शून्यको मूल्य*मा कर्णालीका दुःखी र सङ्घर्षरत आमाहरू, तिनका यथार्थ भोगाइ र तिनलाई लेखक स्वयम् डाक्टर पात्र (बाह्य दृष्टिविन्दु, तृतीय पुरुष पात्र) का रूपमा उपस्थित भएर दिएका मार्गनिर्देशन र सहयोगसमेतलाई मुख्य विषयवस्तु बनाई सिर्जना गरिएका 'बुधेकी फुपू आमा', 'बुवालाई चिठी', 'भेडिनी कान्छी', 'मृत्युपछिको जीवन' र 'पुतली आमा' गरी पाँचओटा शीर्षकमा पाँचओटा मूल कथा र शीर्षकको मूल प्रसङ्गलाई पछ्याउने अन्तर्निविष्ट अन्य पाँचओटा कथा (बेनामे लाटी, लोग्नेको पिटाइबाट गर्भस्थ शिशु गुमाएकी शान्ति, बाजुराकी बेनामे बिरामी आमा, आमाको मायाको अभावमा एन्जाइटीग्रस्त बनेकी बालिका र बलात्कारबाट बच्न निर्वस्त्र सडकमा निस्केकी युवती) गरी दस ओटा कथा सङ्गृहीत छन् र ती कथाका बिचबिचमा चिकित्साविज्ञान, मनोविज्ञान, समाजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र र अध्यात्म दर्शनसँग सम्बद्ध लेखकका ज्ञान र अनुभवलाई निबन्धात्मक शैलीमा प्रस्तुत गरिएका अंशहरू प्रस्तुत भएका छन् । यसैले यस कृतिको वस्तु/विषयको स्रोत मुख्यतः कर्णालीको समाज हो भने यसका साथै चिकित्साविज्ञान, मनोविज्ञान, समाजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र र अध्यात्म दर्शन वाङ्मयका विभिन्न विधा यसको विषयवस्तुका स्रोतका रूपमा रहेका छन् । यी धेरै स्रोतबाट वस्तुचयन गर्नुको उद्देश्य कर्णालीका आमा, बालबालिकाको स्वास्थ्यका लागि उनीहरूले गर्नुपरेको सङ्घर्ष र भोग्नुपरेको पीडालाई प्रस्तुत गर्नु हो । यहाँ प्रस्तुत भएका सबै कथामा सङ्घर्षरत आमाहरूका पीडा, साहस र सङ्घर्ष प्रस्तुत भएका छन्, जस्तै :

> वरपरका मानिसले उनलाई एकटक लाएर हेर्नुको कारण चाहिँ उनी र उनले बोकेको डोकोभित्रको कपडा र त्यसको सुवास मात्र थिएन, कपडाको पोकोमा एउटा करिब चारपाँच वर्षे बच्चो विराजमान थियो । डोकाभित्र अटेको बच्चाको टाउको भने माथिबाट हातले बुनेको ऊनको पातलो कपडाले छोपिएको थियो । यही बच्चोको उपचार गर्न उनी चिप्लिने पहाड उक्लेर, बगाउने नदी तरेर, हराउने जङ्गल काटेर अस्पतालको लामो लाइन पार गर्दै डाक्टरसामु पुगेकी थिइन् । (पृ. १२)

प्रस्तुत उद्धरण एकजना बेनामे (लाटी) आमाको कथामा प्रस्तुत भएको अंश हो । यस कथामा सानै उमेरमा आगोले पोल्दा उपचार नपाएपछि गालाको आधा भागभरि कुरूप टाटो बोकेर हिँड्न विवश र त्यसमा पनि गाउँलेले बोक्सीको आरोप लगाएर कुटपिट गरेपछि भेरीपारिको वनमा एक्लै बसेर आफ्नो छोरो हुर्काउन बाध्य बेनामे आमा (लाटी) को पीडा र सङ्घर्षको कथा छ । ती बेनामे आमा भेरीपारिको वनमा एक्लै बस्न थालेपछि छोराले पाँच वर्षको हुँदा पनि बोल्न नसकेर बिरालाको जस्तो आवाज निकालेपछि अस्पतालमा परीक्षण गर्न ल्याउँदाको सन्दर्भलाई माथिको साक्ष्यले प्रस्तुत गरेको छ । यस्तो कठिन अवस्थामा पनि आफ्नो शिशुको उज्ज्वल भविष्यको चाहना राखेर सङ्घर्षरत रहनु यस कृतिमा व्यक्त भएको वस्तु सौन्दर्य हो ।

शिशुको समुज्ज्वल भविष्यका लागि आमाले गरेको सङ्घर्ष निकै उदाहरणीय छ :

> अर्को स्लाइनको थोपा चाहिँ हेलिकप्टरको भुइँसम्म पुग्छन् । भुइँ ? हो भुइँ । किनकि सास फेर्न छाडिसकेको बच्चो जस्तै जस्तै अलिकति मात्र सास बचेकी त्यो बच्चोकी आमा हेलिकप्टरको भुइँमा लडेकी छिन् । अनि स्लाइनको सुइरोलाई भुइँमा लडेकी यी सुत्केरी आमाको हातको नसामा ठेलिएको छ। उनी हेलिकप्टरको भुइँमा मात्र होइन, हेलिकप्टरको पछाडि डाक्टर र अरू दुई जना बसेको कुर्सीमुनि छिन् । (पृ. ११९)

यस उद्धणमा भेडिनी कान्छी (सुस्त मनस्थितिकी भएकाले सानैदेखि लाटी भनिएकी, बेवास्ता गरिएकी र भेडाहरूलाई धेरै माया गर्ने क्रममा एउटी भेडिनीसँग त मित नै लाएकीले उनको नाम भेडिनी कान्छी रहेको) र उनका श्रीमान् (उसको साहस देखेर डाक्टरले राखिदिएको नाम हिम्मतबहादुर) ले दश दिनसम्म पखाला चलेर बेहोस भएका छोराको उपचारका लागि दश जोडी भेडा बेचेर हेलिकप्टरको यात्रा गरी हुम्लाबाट सुर्खेत अस्पताल उपचार गराउन ल्याउँदा हेलिकप्टरबाट गरिएको कष्टपूर्ण यात्रा प्रस्तुत भएको छ ।

यस्तै कर्णाली समाजमा व्याप्त आर्थिक अभाव र बेरोजगारीको समस्या *शून्यको मूल्य*मा वस्तुका रूपमा प्रयुक्त भएको छ :

> क्या गर्न्या आइमाईको जात । पछिपछि दुई छोरी चेपीकन लुरुलुरु हिँड्याँ । घरबाटी हिँड्याका ११ दिनपछि कालापहाड पुग्यौँ । बाटौँदा दुई छोरी बसाल्यौँ । वति दिन हिँड्या उनी छोरीहरूका आँखा पिलपिल्याउना । मुन सित्ति भयोन । पोइ गतिलो भयाको भया यस्तो क्यालै हुँदा हो सोच्याँ । छोरीहरूकन एका आफैँ जोड्नु पड्न्याँ । पोइका मुखौँदा चार आउँला पसाउनै पड्डो । अहिले दुःख जतिसबै मोइले गऱ्याँ भुन्न पनि लाज लाग्दो । (पृ. १९९)

प्रस्तुत उद्धरण कर्किनी बज्यैको सङ्घर्षपूर्ण जीवनकथामा प्रस्तुत भएको अंश हो । कर्णालीकै सम्पन्न गौतम परिवारकी जेठी छोरीको रूपमा जन्मेकी कर्किनी बज्यैको सानै उमेरमा कार्की थरका गाउँका मुखियाका छोरासँग विवाह

भएको, दुई छोरीकी आमा बनेकी उनले अत्यन्तै मिहनेत गर्दै घरव्यवहार चलाउँदै आएकी तर श्रीमान् कुलतमा परेपछि उनी चिन्तित भएकी, नसालु पदार्थ सेवन गरेका वेला आफ्नै बाबुलाई समेत कुट्न अघि सर्ने श्रीमान्ले बाबुसँग झगडा गरेकै दिन इन्डिया जाने भनेर भारी कसेपछि उनको अघि कुनै विकल्प नरहेको, दुई छोरी साथ लिई श्रीमान्सँग एघार दिनको कष्टपूर्ण पैदल यात्रापछि उनी इन्डिया पुगेको, त्यहाँ पनि श्रीमान्को नसालु पदार्थ सेवन गर्ने बानी नछुटेकाले उनलाई समेत पाल्नु पर्दाको पीडा र सङ्घर्ष यस साक्ष्यमा प्रस्तुत भएको छ । यस्तै तलको उद्धरणमा पनि आर्थिक अभावका कारण कर्णालीका आमाले गर्नुपरेको सङ्घर्ष अभिव्यक्त भएको छ :

> क्यान्टिनका साहू भन्दै थिए, “धेरै मान्छे देखें त तर यो उमेरमा पनि यति छिटो भाँडा माझ्ने मान्छे अहिलेसम्म भेटको थिएन ।” मान्छेले माझेको जुठो भाँडा र परिस्थितिले माझेको जुठो भाँडा एउटै कसरी हुँदा हो ? डाक्टरले मनमनै उसलाई जबाफ फर्कायो । अघिसम्म फुरुङ्ङ फुरुङ्ङ डाक्टर अहिले खिन्न खिन्न भयो । आफूले आफैलाई जबाफ फर्काउने ठाउँ भने कम थियो (पृ. २२५) ।

प्रस्तुत साक्ष्यमा पुतली आमाले आफ्नो श्रीमान्को उपचार गर्न र दैनिकी धान्न होटेलमा भाँडा माझ्ने र झोला बेच्ने काम गरेको सन्दर्भ व्यक्त भएको छ । यसर्थ कर्णालीका आमाहरूले आफ्ना शिशुको समुज्ज्वल भविष्यका लागि गरेको सङ्घर्ष, भोग्नुपरेका पीडा, उनीहरूको साहस र स्नेह नै *शून्यको मूल्य* मा व्यक्त भएका वस्तु हुन् । यस्तै माथि प्रस्तुत गरिएका साक्ष्यहरूबाट *शून्यको मूल्य*मा अशिक्षा, भेदभाव, आर्थिक अभाव, हीनत्वभाव र घरायसी काममा पारिवारिक असहयोग, राज्यको उदासीनता वस्तु व्यक्त भएका छन् । यिनै वस्तुले *शून्यको मूल्य*को भाव, विचार र प्रयोजन सम्प्रेषण गर्न सघाएकाले यी विषयहरू यस कृतिका वस्तुसौन्दर्यका रूपमा प्रस्तुत भएका छन् ।

## भावसौन्दर्य

लेखकले जीवनका धेरै उपलब्धिमध्ये खुसी सर्वोच्च उपलब्धि हो भन्ने भावसौन्दर्य/प्रतीयमान वस्तु व्यक्त गर्न *शून्यको मूल्य*को रचना गरेका हुन् भन्ने कुरा कृतिको सुरुको समर्पण पृष्ठ र पाठमा समेत उद्धरण गरिएको भनाइ “जब म स्कुल गएँ, मलाई सोधियो, तिमी के हुन चाहन्छौ जिन्दगीमा ? मैले भनें, खुसी । उनीहरूले भने- मैले प्रश्न बुझिनँ रे ! मैले भने- तिमीहरूले जिन्दगी बुझेनौ ।” (पृ. ४६) बाट अभिधेय अर्थकै तहमा स्पष्ट भएको छ । यही अर्थलाई लेखकले सिङ्गो कृतिभरि प्रतीयमान वस्तुका तहमा अभिव्यञ्जन गरेका छन् ।

कृतिको शीर्षकमा प्रयुक्त ‘शून्य’ शब्दले अभिधेय अर्थका तहमा केही पनि नभएको स्थिति वा अभावलाई सङ्केत गरेकाले त्यससँग मूल्य शब्दको सहप्रयोग सम्भव देखिँदैन, गणितकै सन्दर्भमा अर्थ्याउँदा पनि शून्यले कुनै अङ्कको पछि आउँदा मात्र त्यसलाई दश गुना बढाउने तर एक्लै प्रयुक्त हुँदा अभावकै सङ्केत गर्ने भएकाले ‘शून्य’ र ‘मूल्य’ शब्दको सहप्रयोग सुसङ्गत देखिँदैन तर प्रतीयमान वस्तुका तहमा भने यो शीर्षक लेखकीय उद्देश्य सम्प्रेषणका लागि अत्यन्तै उपयुक्त छ । यहाँ प्रयुक्त शून्य शब्दले चाहिँ प्रतीयमान वस्तुका तहमा शारीरिक, सामाजिक, मानसिक र आध्यात्मिक रूपमा स्वस्थ आमालाई सङ्केत गरेको छ । आमा स्वस्थ छिन् भने तिनबाट जन्मने र हुर्कने शिशु पनि शारीरिक, सामाजिक, मानसिक र आध्यात्मिक रूपमा स्वस्थ हुन्छ । यस्तो शिशु नै जीवनका सबै परीक्षामा सफल त हुन्छ नै साथै असल पनि हुन्छ । सफल र असल व्यक्ति नै जीवनमा सधैँ खुसी रहन सक्छ । यसर्थ स्वस्थ आमा खुसी प्राप्तिका लागि मुख्य आधार हुन् । आधार अर्थात् जग बलियो भयो भने मात्र घर बलियो हुन्छ र अन्य आधारभूत आवश्यकता जुटाउन सहयोग पुग्दछ तर अहिले एउटा परिवार, समाज र राष्ट्रले मात्र नभई सिङ्गो विश्वले नै खुसीको जग हाल्न बिर्सेकाले

खुसी मानवीय जीवनबाटै पलायन भएको छ । संयुक्त राष्ट्र सङ्घले समेत दिगो विकासका माध्यमबाट खुसी प्राप्तिका सत्र ओटा लक्ष्य सुझाइरहँदा खुसीको जग नै राख्न बिर्सेकामा भने लेखक चिन्तित भएका छन् । यही चिन्ता सार्वजनिक गरी संसारका प्रत्येक व्यक्ति, समाज र देशलाई खुसीको जग राख्ने कार्यमा अग्रसर हुन घच्घच्याउने उद्देश्यले लेखकले यस कृतिको रचना गरेका हुन् । यसैले लेखकले कृतिको प्राक्कथनमै संयुक्त राष्ट्र सङ्घले संसारकै मानिसलाई सन् २०३० सम्म खुसी गराउने भनी निर्धारण गरेका गरिबी अन्त्य, भोकमरी अन्त्य, स्वस्थ र समुन्नत समाज, गुणस्तरीय शिक्षा लगायत सत्र ओटा लक्ष्यको सूची दिएर र त्यसमा यी सत्र ओटै लक्ष्यप्राप्तिमा जगका रूपमा रहेकी आमाको अङ्क समावेश नभएको जानकारी गराएका छन् (प्राक्ककथन, पृ. २) । संयुक्त राष्ट्रसङ्घले राखेका सत्रओटा अङ्कमा आमाको स्वास्थ्यलाई समावेश नगरिएकाले योविना संसारको सर्वाङ्गीण विकास र खुसी असम्भव छ भन्ने प्रतीयमान वस्तु व्यक्त गर्न यसलाई सबै अङकभन्दा पहिले अर्थात् शून्य मान्नुपर्छ भन्ने उद्देश्यले लेखकले उक्त शून्य शब्दको प्रयोग गरेका हुन् भन्ने कुरा “महिलाको शरीर केवल फूल होइन, फल मात्र पनि होइन, फूल र फल निस्कने वृक्ष मात्र पनि होइन, माटो हो । त्यो माटो, सम्पूर्ण मानव सभ्यता उम्रने एक मात्र मलिलो माटो हो” (पृ. ११५) भनाइबाट स्पष्ट भएको छ । यसर्थ समग्र मानव जातिको विकास र त्यसबाट प्राप्त हुने खुसीका लागि बालबालिका स्वस्थ हुनुपर्ने र यो कुरा शारीरिक, मानसिक, सामाजिक र आध्यात्मिक रूपमा स्वस्थ आमाबाट सम्भव हुने भएकाले आमा (विशेष गरी गर्भधारण गरेदेखि बच्चा जन्मेको करिब पाँच वर्षसम्मकी आमा) ले शून्य अङ्कको प्रतिनिधित्व गर्छिन् भन्ने यस शीर्षकले अभिव्यक्त गरेको प्रतीयमान वस्तु हो । दार्शनिक दृष्टिले हेर्दा पनि लेखकले चयन गरेको यो शीर्षक प्रतीयमान वस्तुका तहमा उपयुक्त छ । पूर्वीय वाङ्मयको आदिम ग्रन्थ वेदले “खम् ब्रह्म” अर्थात् सृष्टिको मुख्य आधारका रूपमा रहेको ब्रह्मलाई शून्यको संज्ञा दिएको छ (*शुक्लयजुर्वेद* ४०।१७) भने वेदान्त दर्शनले “यतो वा इमानि भूतानि जायन्ते” अर्थात् त्यही शून्यरूप ब्रह्मबाट ब्रहमाण्ड र समग्र जीवनजगत्को सृष्टि हुने मान्यता प्रस्तुत गरेको छ -*तैत्तिरीयोपनिषद,* ३।१।१) । यसर्थ सृष्टिका लागि सत्, चित् लगायत आवश्यक सबै तत्त्वलाई सूक्ष्मता (क्वान्टमिक रूप) मा समाहित गरेको ब्रह्म र त्यसको बाह्य प्रकटीकरणका रूपमा रहेको ब्रह्माण्ड शून्याकारमै छन् भन्ने वेद र वेदान्त दर्शनका उपर्युक्त भनाइको तात्पर्य हो । बौद्ध दर्शनले पनि ‘सर्व शून्यम्’ भन्दै जगत्को मूल आधारका रूपमा शून्यलाई लिएको छ (भट्टराय, २०७९, पृ. ८३७) । यसैले ब्रह्माण्डको मुख्य स्रोत शून्य भएझैं मानव जातिको समग्र विकास र खुसीको प्रारम्भविन्दु अर्थात् शून्य भनेको स्वस्थ आमा (बालबालिकालाई गर्भ र बाल्यकालमा स्वस्थ बनाउन सामर्थ्य राख्ने आमा) हुन् ।

*शून्यको मूल्य*मा प्रयुक्त मूल्य शब्दले शून्य अर्थात् आमाको मूल्यवृद्धि गर्ने आधारहरू स्वास्थ्यसम्बन्धी शिक्षा, आवश्यक अर्थराशि, घरायसी काममा सहयोग, सङ्कल्प/सकारात्मक सोच, साहस र सङ्घर्षलाई सङ्केत गरेको छ । यीमध्ये केही परिवार र राज्यले पूरा गर्नुपर्ने आधार हुन् भने केही चाहिँ आमा स्वयम्ले पूरा गर्नुपर्ने आधार हुन् । स्वास्थ्यसम्बन्धी शिक्षा, आवश्यक अर्थराशि, घरायसी काममा सहयोग जस्ता आधारहरू राज्य र परिवार मिलेर पूरा गर्नुपर्ने आधार हुन् भने आमा आफैंले पूरा गर्नुपर्ने आधारहरू चाहिँ सङ्कल्प/सकारात्मक सोच, साहस र सङ्घर्ष हुन् र यस कार्यमा आमाहरू सदैव समर्पित छन् तर आमाहरूलाई स्वास्थ्यसम्बन्धी शिक्षा, आवश्यक अर्थराशि र पारिवारिक सहयोग जस्ता आधारहरू पूरा गर्ने कार्यमा परिवार र राज्य चाहिँ उदासीन छन् भन्ने प्रतीयमान वस्तु व्यक्त गर्न लेखकले शीर्षक ‘शून्यको मूल्य’पछि उपशीर्षकका रूपमा ‘सास, साहस र स्नेहको कथा’ पदावलीको प्रयोग गरेका हुन् । यसैले सबै कथामा आमाहरू सङ्कल्प/सकारात्मक सोच, साहस र सङ्घर्षका माध्यमबाट शून्यको मूल्य थप्नमा समर्पित छन् तर प्रतिरोधक तत्त्वहरू अशिक्षा, भेदभाव, आर्थिक अभाव, हीनत्वभाव र घरायसी काममा पारिवारिक असहयोग, राज्यको उदासीनताका कारण आमाहरू शून्यको मूल्य थप्न पूर्णतः समर्थ भइरहेका छैनन् भन्ने प्रतीयमान वस्तु *शून्यको मूल्य*मा प्रयुक्त कथाहरूबाट व्यक्त भएको छ ।

*शून्यको मूल्य*मा समाविष्ट पहिलो कथाकी बेनामे (लाटी) आमा शून्यको मूल्य थप्न वर्षौंदेखि सङ्घर्षरत आमा हुन् । अशिक्षा, भेदभाव, आर्थिक अभाव र पारिवारिक असहयोगले यस कार्यमा उनलाई अवरोध पुऱ्याइरहेका छन् तर उनले हार मानेकी चाहिँ छैनन् । सानै उमेरमा आगोले पोल्दा उपचार नपाएपछि गालाको आधा भागभरि कुरूप टाटो बोकेर हिँड्न विवश हुनु, त्यसमा पनि गाउँलेले बोक्सीको आरोप लगाएर कुटपिट गरेपछि भेरीपारिको वनमा एक्लै बस्न बाध्य हुनु, इन्डिया गएका लोग्नेको अत्तोपत्तो नहुनु, यस्तो अवस्थामा चार वर्षको छोराको बोली नफुट्नु, मुखबाट बिरालाको जस्तो आवाज मात्र आउनु शून्यको मूल्यका प्रतिरोधक तत्त्व हुन् । यी मूल्यप्रतिरोधक तत्त्वका बाबजुद पनि आफ्नो घरको पाठो बेचेर छोराको उपचार गराउन अस्पताल आउनु, सामान्य उपचारबाट सम्भव नभएपछि डाक्टरले मनोवैज्ञानिक प्रक्रियाबाट उपचार (बिरालाको सम्पर्कमा मात्र रहेकाले बच्चाले बिरालाको आवाजको नक्कल गरेको) गरेपछि छोरो बोल्ने हुनु चाहिँ उनले र कथाका अर्का प्रमुख पात्र डाक्टर (लेखक स्वयम्) ले शून्यको मूल्य थप्न गरेका प्रयास हुन् । यस अर्थमा शून्यको मूल्य थप्न केही हदसम्म उनी सफल भएकी छन् । यसैले शून्यको मूल्य थप्न सङ्घर्षरत र केही हदसम्म सफल ती आमाप्रति डाक्टर सम्मान र शुभेच्छाभाव प्रकट गर्छन् :

> प्रिय दिदी, तिम्रा आँखाबाट कहिलेकाहीँ ती आँसुका थोपा पनि झरुन्, जो मानिसहरू खुसीमा पनि बगाउने गर्छन् । दुःखसुखका पोका फुकाउँदा कहिलेकाहीँ सुनिदिने एउटा मित्र पनि मिलोस्, तिमीलाई जीवनमा । अनि पटकपटक ठेस लागिरहने ती हजारौँ ढुङ्गामध्ये कम्तीमा एउटा ढुङ्गोमा तिमीलाई देउता पनि मिलोस् । जीवनयात्राको शुभकामना ! (पृ. २७)

यस उद्धरणमा अभिधेय अर्थका तहमा त केवल डाक्टरको शुभेच्छा मात्र अभिव्यक्त भएको छ तर यही अभिधेय अर्थबाट व्यक्त भएको प्रतीयमान वस्तुका तहमा भने आफ्नो उद्देश्यप्राप्तिमा समर्पित यी आमा परिवार र समाजले गरेको उपेक्षाभावका कारण अत्यन्त पीडित छन् भन्ने भाव अभिव्यक्त भएको छ । यस्ता आमाहरूले भोगेका पीडा कम गर्न समाज र राज्यको सहयोगी भूमिका आवश्यक छ भन्ने रसमूलक प्रतीयमान वस्तु (यो अंश पढिरहँदा लेखकीय भावको साधारणीकरणका माध्यमबाट पाठकीय मनमा प्रभाव (संवेदनाभाव जागृत भई आँखा रसाउने र गला अवरुद्ध हुने) पर्न गई उसले रसको आस्वादन गर्ने भएकाले करुण रसमूलक प्रतीयमान वस्तु अभिव्यक्त भएको छ । शून्यको मूल्य थप्न सङ्घर्षरत यस्ता बेनामे आमाहरूले समाज अनि राज्यबाट सम्मान र सहयोग प्राप्त गर्न त परै जाओस्, उनीहरू समाजका व्यक्तिहरूले प्रयोग गर्ने बोलीबाट समेत तिरस्कृत हुन पुगेका छन् :

> बेनामे आमाहरूले आफ्ना कति सन्तानको नाम सारा संसारमा फैलाउन आफ्नो नामको आवश्यकता नै सायद महसुस गरेनन् होला, अनि आमाले नै सबै कुरा सोचिदिउन् भन्न हाम्रो समाजले बेनामे आमाका बारेमा सायद सोचेन । उनीहरूका हराएका, नराखिएका नाम खोजी ल्याउने लेठो सायद कसैलाई गर्नु छैन । (पृ. २८)

प्रस्तुत उद्धरणमा अभिव्यक्त 'बेनामे आमाहरूलाई आफ्ना सन्तानहरूको नाम सारा संसारमा फैलाउन आफ्नो नामको आवश्यकता नै सायद महसुस गरेनन् होला, समाजले पनि यसबारे सोचेन' भन्ने अभिधेय अर्थबाट सन्तानको नाम संसारभर फिँजाउन सङ्घर्षरत आमाहरू समाज र परिवारबाट चाहिँ अपमानित र उपेक्षित छन् भन्ने वस्तुमूलक प्रतीयमान वस्तु अभिव्यक्त भएको छ ।

बुधेकी फुपू शून्यको मूल्य थप्न सङ्घर्षरत अर्की बेनामे आमा हुन् । यद्यपि उनी आफैँले सन्तान जन्माएकी छैनन् तर शून्यको मूल्य थप्न एउटी आमाले भन्दा कम सङ्घर्ष गरेकी छैनन् । आफ्नो भाइले गर्भमै र भाइबुहारीले जन्मनेबित्तिकै

छोडेर गएपछि बुधेलाई छोरो बनाएर हुर्काउनु (यसैले बुधेकै नामबाट आफ्नो नाम पाउनु), एउटी टुहुरी बच्ची (मीना)लाई समेत काख लिएर बुधेकी दिदी बनाई दुवैलाई हुर्काउनु र पढाउनु, जस्तोसुकै विषम परिस्थितिमा पनि प्रसन्न भइरहनु उनले शून्यको मूल्य थप्न गरेका प्रयास हुन् । अशिक्षा, आर्थिक अभाव, पारिवारिक असहयोग र शारीरिक अस्वस्थताले यस कार्यमा उनलाई अवरोध पुऱ्याइरहेका छन् तर उनले हार मानेकी चाहिँ छैनन् । उनलाई शून्यको मूल्य थप्ने कार्यमा परिवार र राज्यले सहयोग नगरे पनि मानसिक स्वास्थ्यले चाहिँ उनलाई पूर्ण साथ दिएको छ र डाक्टरले पनि सहयोग गर्नुका साथै हौसला दिएर उनलाई सघाएका छन् । यसैले उनी जस्तोसुकै विषम परिस्थितिमा पनि प्रसन्न देखिन्छिन् :

> गिट्टीका थुम्काबाट आफ्नो टाउको उठाउँदै उनले चियाइन् । सेतो बादलझैँ फुलेको कपालमुनि बिहानीको चम्किलो घामझैँ उज्यालो अनुहार गिट्टीका थुम्काबाट उदाउन लागेझैँ देखिन्थ्यो । सूर्योदयले प्रख्यात धेरै सुन्दर पर्यटकीय स्थलमा दृश्य अनुभव गरेको थियो डाक्टरले आफ्नो जीवनकालमा । तर आज मानव अनुहारको यो सूर्योदय उसको जिन्दगीको सबैभन्दा अलौकिक सूर्योदय थियो । (पृ. ४५)

प्रस्तुत उद्धरणमा 'गिट्टीका थुम्काबाट आफ्नो टाउको उठाउँदै बुधेकी फुपूआमा उदाउन लागेको सूर्यझैँ राम्री देखिन्थन्' भन्ने अभिधेय अर्थबाट उनी असहज परिस्थितिमा पनि सकारात्मक सोचका कारण सूर्यझैँ चम्किली अर्थात् प्रसन्न देखिन्छन् भन्ने उपमा अलङ्कारमूलक प्रतीयमान वस्तु अभिव्यक्त भएको छ । अशिक्षा, आर्थिक अभाव, भेदभाव जस्ता शून्यको मूल्यका प्रतिरोधी तत्त्व भए पनि उनी मानसिक रूपमा पूर्ण स्वस्थ भएकीले उनले हुर्काएको बुधे कक्षामा सधैँ प्रथम हुन्छ र मानसिक स्वास्थका दृष्टिले सशक्त छ । तर प्रशान्तेकी आमाले प्रशान्तलाई सधैँ तर्साउने, डराउने र कुट्ने भएकाले ऊ पढाइमा कमजोर त छ नै आमा देख्नेबित्तिकै समेत तर्सिन्छ : "प्रशान्तेकी आमाझैँ आगो ओकल्ने रिसका आँखा सम्झेर उसले डराउँदै पुलुक्क फुपूआमाका आँखा र अनुहारमा हेऱ्यो । फुपूआमा अघिदेखि नै उसलाई आफ्नो मुटुमा टाँसेर मुसुक्क मुस्कुराउँदै उसैलाई हेरिरहेकी रहिछन्" (पृ. ५७) । यसैले शून्यको मूल्यका प्रतिरोधक तत्त्वलाई हटाउन मानसिक स्वास्थ्य प्रमुख अस्त्र हो भन्ने यस प्रसङ्गबाट अभिव्यक्त भएको अर्को प्रतीयमान वस्तु हो । यसमा अभिधेय अर्थबाट रस र अलङ्कारको नभई अन्य वस्तुको मात्र अभिव्यक्ति भएकाले यो वस्तुमूलक प्रतीयमान वस्तु हो ।

शून्यको मूल्य थप्न सङ्घर्षरत अर्की आमा हुन् शान्ति । रक्सीले मातेका लोग्नेले कुट्दा योनिबाट रक्तश्राव भई गर्भस्थ शिशुको निधन हुनु, लोग्नेबाट सहयोग नपाउनु शान्तिका लागि शून्यको मूल्य थप्न प्रतिरोधक तत्त्व बनेका छन् । उनी शारीरिक रूपमा स्वस्थ भएकाले उनको जीवन गुम्नबाट चाहिँ बचेको छ । यसैले शारीरिक स्वास्थ्य पनि शून्यको मूल्य थप्ने अस्त्र हो भन्ने वस्तुमूलक प्रतीयमान वस्तु यस प्रसङ्गबाट अभिव्यक्त भएको छ । आफू शारीरिक रूपमा कमजोर भएको अवस्थामा पनि एउटी आमा आफूबाट जन्मेको शिशु (मृत नै भए पनि)लाई स्नेहमा कुनै कमी गर्दिनन् भन्ने कुरा तलको उद्धरणबाट स्पष्ट हुन्छ :

> चिसो निलो रगतमा पुरिएको मरेको बच्चालाई उनले जे स्पर्श गरिरहेकी थिइन्, त्यो अनुमानसम्म गर्न कठिन थियो । केही समयपछि उनले आफ्ना स्तनका मुन्टा निकालिन् । बच्चाको ओठमा पुऱ्याइन्, बच्चाका ओठ बन्द थिए उसका आँखाहरूझैँ । बन्दओठमा उनले आफ्ना स्तन टाल्न थालिन् । उताबाट कुनै प्रतिक्रिया आएन । उनी अझै अगाडि बढिन् । उनका हात काँपिरहेका थिए । सास जस्तै । उनले आफ्नो स्तन बच्चाको बन्द ओठमा बिस्तारै बिस्तारै अनि अन्त्यमा जोडले घोट्न थालिन् । घोटिरहिन् । (पृ. ९०)

प्रस्तुत उद्धरणमा 'एक जना आमाले मृत शिशुलाई दुध चुसाउन चाहेको र सोहीअनुरूपको व्यवहार गरेको' अभिधेय अर्थबाट कुनै पनि आमाका लागि आफ्नो सन्तान मुटुको टुक्रा हो, आफ्नो मुटुलाई भन्दा बढी माया आमाहरू आफ्ना सन्तानलाई गर्छन्, शिशुको निधन हुँदा कतिसम्म विक्षिप्त हुन्छन् भन्ने करुणरसमूलक प्रतीयमान वस्तु यस प्रसङ्गबाट अभिव्यक्त भएको छ ।

भेडिनी कान्छी शून्यको मूल्य थप्न सङ्घर्षरत अर्की आमा हुन् । १० दिनदेखि चलेको पखालाका कारण बच्चा बेहोस हुनु, पखालाको उपचारका बारेमा सामान्य ज्ञान पनि नहुनु, शून्यको मूल्यका प्रतिरोधक तत्त्व हुन् । आफ्ना दश जोडा भेडा बेचेर हुम्लाबाट सुर्खेतसम्म हेलिकप्टरको यात्रा गरी छोराको उपचार गर्नु शून्यको मूल्य थप्न गरिएको प्रयास हो । यस कार्यमा भेडिनी कान्छीलाई श्रीमान्को साथ र डाक्टरको हौसलासहितको उपचारले सघाएका छन् । उपचारपछि शिशु ठिक भएको छ र भेडिनी कान्छीमा खुसी थपिएको छ । भेडिनी कान्छीले शून्यको मूल्य थप्ने सहेको पीडा चाहिँ निकै कष्टकर छ; "बेहोस् बच्चाको टाउको काखमा राखेकी बच्चाकी आमा अलि देखिने गरी टाउको उठाउँछिन्, थोरै । अलिकति मात्र उठ्न सकेको गह्रौं टाउको, धमिलो पसिनाको मेकअपले पोतिएको मधुरो अनुहार- न बोल्छ, न हाँस्छ, न कसैसँग आँखा नै जुधाउँछ । आदिम युगको पुरानो मूर्तिजस्तो ।" (१२५)

यस उद्धरणमा व्यक्त भएको अभिधेय अर्थबाट भेडिनी कान्छी छोरा बिरामी भएर बेहोस् हुँदा आदिम युगको पुरानो मूर्तिजस्तै प्रतिक्रियारहित अर्थात् बेहोस् बनेकी छन् भन्ने उपमा अलङ्कारमूलक प्रतीयमान वस्तु व्यक्त भएको छ । यस अवस्थामा भेडिनी कान्छी मात्र होइन यो सुन्दा डाक्टरको समेत होसहवास उडेको छ : "एक थान हुम्ली जोडी, काखमा एउटा आधा सास बचेको बच्चो, दश जोडा भेडा बेचेर गरिएको एउटा हेलिकप्टर यात्रा, अनि सरकारी अस्पतालमा रित्तिएको उनीहरूको गोजी, । डाक्टर आफ्नो शून्य सोचमा हरायो" (पृ. १३८) । यस उद्धरणमा प्रयुक्त अभिधेय अर्थबाट शून्यको मूल्य थप्न आमाबाबु दुवैले गरेको सङ्घर्ष निकै प्रेरणाप्रद छ तर ग्रामीण तहका हेल्थपोस्टमा स्वास्थ्यपरीक्षणका लागि आधारभूत सुविधा मात्र उपलब्ध भइदिएको भए हुम्ली जोडीले हेलिकप्टर रिजर्भ गरी आफ्नो कमाइको सम्पूर्ण अर्थराशि खर्चनुपर्ने अवस्था सृजित हुने थिएन । यसैले यस प्रसङ्गबाट नेपालको स्वास्थ्यनीतिमा आमूल परिवर्तन गर्नु आवश्यक छ भन्ने वस्तुमूलक प्रतीयमान वस्तु व्यक्त भएको छ। उपर्युक्त साक्ष्यबाट *शून्यको मूल्यका* लेखक आदर्शोन्मुख यथार्थवादी विश्वदृष्टि राख्ने स्रष्टा हुन् भन्ने स्पष्ट भएको छ ।

यसरी शून्यको मूल्य थप्न आमाहरू मात्र सङ्घर्षरत नभई परिवार, समाज र सिङ्गो राष्ट्र समर्पित भए मात्र मानव जातिको सर्वाङ्गीण विकास भई खुसी प्राप्त हुन्छ भन्ने यस कृतिबाट व्यक्त भएको मुख्य प्रतीयमान वस्तु हो । यही मुख्य प्रतीयमान वस्तुको फलकभित्र शून्यका. मूल्यप्रतिरोधी तत्त्वहरू अशिक्षा, गरिबी, भेदभावलाई हटाउन र हरेक आमालाई शारीरिक, मानसिक, सामाजिक र आध्यात्मिक रूपमा स्वस्थ बनाउन परिवार, समाज र राष्ट्रविशेष मात्र नभई सिङ्गो विश्व नै सचेत बन्नुपर्ने भन्ने प्रतीयमान वस्तु व्यक्त भएको छ ।

## युगीन सौन्दर्य

*शून्यको मूल्यको* सिर्जनाको अवधि नेपालमा जनआन्दोलन-२ को सफलतापछि गणतन्त्र स्थापना भएपछिको अवधि हो । यो अवधि भनेको देश आर्थिक विकासमा अग्रसर हुन चाहेको अवधि हो । देश आर्थिक विकासमा अग्रसर हुन चाहे पनि सो हुन नसकेकाले त्यसको कारणको खोजी र उपाय प्रस्तुत गर्ने क्रममा कृतिको सिर्जना भएकाले यसमा युगीन सौन्दर्य व्यक्त भएको देखिन्छ । समग्र मानव जातिको विकास र त्यसबाट प्राप्त हुने खुसीका लागि बालबालिका स्वस्थ

हुनुपर्ने र यो कुरा शारीरिक, मानसिक, सामाजिक र आध्यात्मिक रूपमा स्वस्थ आमाबाट सम्भव हुने भएकाले आमा (विशेष गरी गर्भधारण गरेदेखि बच्चा जन्मेको करिब पाँच वर्षसम्मकी आमा) ले शून्य अङ्कको प्रतिनिधित्व गर्छिन् भन्ने यस कृतिबाट व्यक्त भएको युगीन सौन्दर्य हो । गणतन्त्रोत्तरकालीन नेपालको पहिलो आवश्यकता भनेको संयुक्त राष्ट्रसङ्घले राखेको दिगो विकासको लक्ष्य पूरा गर्नु हो । यही युगीन आवश्यकताको परिपूर्तिको उपाय *शून्यको मूल्य*मा अभिव्यक्त भएको छ :

> धनी र गरिबबिचको दूरी घटाउन गरिने हरेक कार्यक्रम महङ्गो छ । तर महङ्गा कार्यक्रममध्ये सबैभन्दा सस्तो चाहिँ देशले सानै उमेरका बालबालिकामाथि लगानी गर्नु हो । फेरि लगानी भनेको केवल पैसाका मुठा होइनन्, सबैभन्दा त गुणात्मक मातृत्व विकासका लागि लगानी हो । हामी हाम्रो समाजमा मानिसहरू असल बनून्, विद्वान् बनून्, समाजलाई विकासको ढोका खोलून् भन्ने चाहन्छौँ भने यसका लागि हामीले गर्भमा रहेको बच्चासँग उसको आमा र जन्मिसकेपछि पहिलो छ महिनासम्म शिशुहरूको स्याहारमा ठुलो लगानी गर्नुपर्छ, जसको प्रतिफल अहिलेसम्म सोचिएको भन्दा धेरै गुणा ठुलो र महत्त्वपूर्ण हुन सक्छ (पृ. ५५) ।

प्रस्तुत उद्धरणमा देश आर्थिक रूपमा समृद्ध हुन नसकेकामा चिन्ता व्यक्त हुनुका साथै देशलाई आर्थिक रूपमा समृद्ध बनाउने उपायसमेत प्रस्तुत गरिएको छ ।

*शून्यको मूल्य*मा प्रस्तुत भएका नेपालको स्वास्थ्यनीति (रोगी एकातिर र ओखतीखर्च अर्कोतिर गर्ने) मा रहेका कमीकमजोरी र तिनको निराकरणका उपायले पनि युगीन सौन्दर्यलाई व्यक्त गरेका छन्; "रोगहरूलाई सुरुमै समात्ने हो भने ८० प्रतिशत रोग र रोगी सेकेन्डरी र टर्सरीमा उक्लँदैनन् । राज्यको लगानी जोगिन्छ । अनि हिम्मतबहादुर जस्ताले भेडा बेचेर सहरतिर कुद्नुपर्दैन । मानिसहरूले शरीरलाई स्वस्थ बनाउने लडाइँमा आर्थिक रूपले रोगी हुनुपर्दैन" (पृ. १४२) ।

यसरी आर्थिक रूपले समृद्ध नभएसम्म देशले विकासको गति लिन नसक्ने भएकाले अबको नेपालको आवश्यकता भनेको देशको आर्थिक स्थिति बलियो बनाउनुपर्छ भन्ने युगीन सौन्दर्य *शून्यको मूल्य* बाट अभिव्यक्त भएको छ ।

कर्णालीका अधिकांश पुरुष र महिलाहरू रोजगारीका लागि भारतका विभिन्न ठाउँमा जाने भएकाले "क्या गर्न्या आइमाईको जात । पछिपछि दुई छोरी चेपीकन लुरुलुरु हिँड्याँ । घरबाटी हिँड्याका ११ दिनपछि कालापहाड पुग्यौं" (पृ. १५) । नेपालीहरू रोजगारीको अभावमा विदेसिनुपर्ने बाध्यता यी पङ्क्तिमा व्यक्त भएको छ। यसरी गणतन्त्रोत्तरकालीन नेपालको युगीन सौन्दर्यको अभिव्यक्ति गर्नु *शून्यको मूल्य*को अर्को उल्लेख्य पक्ष हो ।

## भाषिक सौन्दर्य

भाषालाई सुन्दर/कलात्मक बनाउन लेखकले आफूले व्यक्त गर्न चाहेको भावलाई अभिव्यक्त गर्न कृतिको शीर्षकका रूपमा 'शून्यको मूल्य' र उपशीर्षकका रूपमा 'सास, साहस र स्नेहका कथा' पदावलीको चयन गरेका छन् । यी दुवै शीर्षक र उपशीर्षक लेखकीय भाव सम्प्रेषण गर्न पूर्णतः समर्थ छन् । यी पदावलीमा प्रयुक्त सबै शब्दका अन्य पर्यायवाची शब्द उपलब्ध भए पनि न, ल, स, म जस्ता श्रुतिमधुर वर्णको पुनरावृत्तिपूर्वक प्रयोग भएका यी शब्दहरू भाषिक सौन्दर्यवृद्धिका दृष्टिले उच्च कोटिका देखिन्छन् । यस्तै कृतिमा चयन गरिएका वाक्यहरू पनि छोटा र सरल हुनुका साथै श्रुतिमधुर वर्ण प्रयोग भएका शब्दहरू चयन गरिएकाले सरल र भावाभिव्यञ्जनमा पूर्णतः समर्थ छन् :

सायद केही बोल्नुपर्ने बेला थियो । के बोल्ने । राम्रोसँग बस्नू है ? राम्रोसँग जानुहोला है ? फोन गर्दै गर्नुहोला है ? तर अहँ न डाक्टर बोल्यो, न आमा नै । शब्दका खडेरीहरूसँगै उनीहरू भेट हुने नहुने सम्भावनाको अर्को खडेरी थप्दै बिदा भए । तर त्यही खडेरीबिच केही फुलेको थियो । केही पलाएको थियो । त्यसैले होला केही नबोलेर छुट्टिएको । आमाको मनभित्र डाक्टर र डाक्टरको मनभित्र पुतली आमा पलाएर फुलेकी थिइन् । सधैँका लागि । (पृ. २३९)

यस उद्धरणमा प्रयोग भएका वाक्यहरू छोटा हुनुका साथै स, ल, म, प जस्ता श्रुतिमधुर वर्णको पुनरावृत्तिपूर्वक प्रयोग भएका शब्दको चयन गरिएकाले भाषा सरल र कलात्मक बन्नुका साथै प्रतीयमान वस्तुको अभिव्यञ्जनामा पनि पूर्णतः समर्थ बनेको छ र सरल भाषामा पनि भाषिक सौन्दर्य निहित हुन्छ भन्ने तथ्य यसबाट अभिव्यक्त भएको छ । यस्तै विषयअनुरूप अल्ट्रासाउन्ड, रिपोर्ट जस्ता प्राविधिक शब्दको प्रयोग हुनुका साथै पात्रअनुरूप स्थानीय भाषाको प्रयोग गरिएको छ : "सबै घुम्तीउँदो आफूभित्त राम्मा कुडा मात्तै देख्याँ । अहिले पनि यो मेरो आँखा फुटल्दिन्या त्यो मेरो पोइ फर्किजान्छ कि ? कतै कुकुरले नपाएको दुःख पायाको छ कि भुनी त्यइखा लागि पुनि राम्डै सोच्ती छु । फर्क्याको भए पुनि माफ गर्दिन्या छियाँ" (पृ. २०३) । कर्णालीको सेरोफेरामा केन्द्रित कथा भएकाले यसमा त्यहीँकै पात्र कर्किनी बज्यैले खस भाषाको प्रयोग गरेकी छन् । यसर्थ स्थानीय शब्दको चयनका दृष्टिले पनि भाषा कलात्मक बनेको छ । *शून्यको मूल्य*मा भाषिक पुनरावृत्तिले पनि भाषिक सौन्दर्य वृद्धिमा महत्त्वपूर्ण भूमिका खेलेको छ,

"थाहा पायौ त, जिन्दगी के रहेछ ? बुझ्यौ होला हैन अब त ? माटो हो माटो । माटोकै यात्रा हो जिन्दगी । सास रहँदासम्म माटोमाथि । सास रोकिएपछि माटोमुनि । मर्नु र बाँच्नुमा केही अन्तर छैन, यात्रा हो यात्रा । माटोकै यात्रा । अब रोएर काम छैन," ऊ एकछिन जोरजोरले हाँस्यो अनि फेरि कुइँकिएर रुन थाल्यो । (पृ. ६७)

माथिको उदाहरण मा 'माटो' शब्द पाँच पटक, 'यात्रा' चार पटक र 'जिन्दगी' शब्दको दुई पटक पुनरावृत्ति भएको छ । पुनरावृत्ति भएका शब्दले जिन्दगी माटोबाट माटोको यात्रा हो भन्ने प्रतीयमान वस्तु बुझाउन सहयोग गरेका छन् । यस्तै लेखकीय आशयमा जोड दिन वाक्यमा प्रयोग भएका पद र पदावलीको सञ्चलन गरी तिनीहरूलाई अग्रस्थानमा ल्याइएको छ : "*बढो महङ्गो* रहेछ सहर" (पृ. १७), "आम्मै *यो बोल्छ* त, बिरालोजस्तो" (पृ. १७), "*बिस्तारै बिस्तारै* ऊ परपर पुग्यो" (पृ. ५७), "*यसलाई* त मैले आफू सम्झेर हुर्काएकी हुँ" (पृ. ५९), "*मस्तिष्कका यिनै झिलिक झिलिकमा एउटा पुस्तक* उसले बारम्बार देखिरह्यो, द होल ब्रेन चाइल्ड" (पृ. ५९) "*माटोकै यात्रा* हो जिन्दगी" (पृ. ६७), "*मानिसहरूलाई* केवल एउटै चिजले बलियो बनाउँछ, त्यो *हो* दुःख" (पृ. १०३), "*कति खुवाउँछौ* चकलेट यहाँ आइकन तिमी" (पृ. १४८) । यी उदाहरणमा तिर्यक्कृत पद, पदावलीहरूलाई लेखकले चाहेको प्रतीयमान वस्तुलाई अभिव्यक्त गर्न सञ्चलन गरी अग्रस्थानमा ल्याइएको छ । पदपदावलीको सञ्चलनबाट वाक्यहरू अव्याकरणिक नभई विशिष्ट बनेकाले सञ्चलन विचलनभन्दा पृथक् हो भन्ने स्पष्ट भएको छ ।

*शून्यको मूल्य*मा पात्रहरूले प्रयोग गरेको भाषामा स्वाभाविकता ल्याउन र अर्थगत वैशिष्ट्य प्रदान गर्न भाषिक एकाइको विचलन गरिएको छ : "यस्ता रिपोर्टहरू त धेरै ठाउँमा गरियो डाक्साप" (पृ. १६३), "भाहिरी दुनियाँमा ज्या भया पुनि मोइले यो जोवनभरि राम्रा कुडा मात्तै देख्याँ" (पृ. २०३), प्रशान्तेकी आमाझैँ आगो ओकल्ने रिसका आँखा सम्झेर उसले डराउँदै पुलुक्क फुपू आमाका आँखा र अनुहारमा हेऱ्यो" (पृ. ५७) । यीमध्ये पहिलो उदाहरणमा 'रिपोर्टहरू' र 'गरियो' क्रियापदको वचनगत सङ्गति नमिलेकाले व्याकरणिक विचलन भएको छ । दोस्रो उदाहरणमा 'भाहिरी', 'ज्या', 'भया', 'कुडा', 'पुनि', 'मोइले' 'मात्तै' शब्दमा स्थानीय भाषिकाको प्रयोग भएकाले मानक शब्दकोशका दृष्टिले विचलित

शब्दको प्रयोग भएको छ । यस दृष्टिले पहिलो र दोस्रो उदाहरण क्रमशः व्याकरणिक विचलन र कोशीय विचलनका उदाहरण हुन् । तेस्रो उदाहरणमा आमाले आगो ओकल्ने भनिएको छ । कुनै पनि आमाले आगो ओकल्ने भन्ने अर्थ अभिधेय अर्थका तहमा उपयुक्त नभएकाले आमा रिसले अत्यधिक क्रुद्ध भएकी छन् भन्ने अर्थ बुझाउन यस्तो प्रयोग गरिएको हो । यसैले यहाँ आर्थी विचलन भएको छ र यसले भाषाका साथै भावको सौन्दर्यवृद्धिमा समेत सघाएको छ ।

यसरी *शून्यको मूल्य*मा गरिएका चयन, पुनरावृत्ति, सञ्चलन र विचलनले भाषालाई कलात्मक बनाउनुका साथै प्रतीयमान वस्तुको अभिव्यक्तिमा पनि पूर्णतः सघाएकाले *शून्यको मूल्य*मा भावअनुसार कलात्मक भाषाको प्रयोग भएको छ र यस दृष्टिले यो विशिष्ट श्रेणीको साहित्यिक मूल्य भएको कृति हो भन्ने स्पष्ट भएको छ ।

## निष्कर्ष

*शून्यको मूल्य* नवराज केसी (२०४१) द्वारा लिखित सिर्जनात्मक कृति हो । यस कृतिमा कर्णाली क्षेत्रका आमा, तिनका यथार्थ भोगाइ र ती पात्रलाई लेखक स्वयम् डाक्टर पात्र (बाह्य दृष्टिविन्दु, तृतीय पुरुष पात्र)का रूपमा उपस्थित भएर दिएका मार्गनिर्देशन र सहयोगसमेतलाई मुख्य विषयवस्तु बनाएर साहित्यिक शैलीमा सिर्जना गरिएका कथा छन् र ती कथाका बिचबिचमा लेखकले चिकित्साविज्ञान, मनोविज्ञान, समाजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र र अध्यात्मदर्शनसँग सम्बद्ध आफ्नो ज्ञान र अनुभवलाई समेत शोधमूलक साहित्यिक शैलीमा समावेश गरेका छन् । यसैले यक कृतिमा वस्तुको चयनका लागि कर्णाली समाज र चिकित्साविज्ञान, मनोविज्ञान, समाजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र र अध्यात्मदर्शन जस्ता वाङ्मयका विधालाई स्रोत बनाइएको छ । कृतिको शीर्षकमा प्रयुक्त 'शून्य' शब्दले अभिधेय अर्थका तहमा केही पनि नभएको स्थिति वा अभावलाई सङ्केत गरे पनि प्रतीयमान वस्तुका तहमा शारीरिक, सामाजिक, मानसिक र आध्यात्मिक रूपमा स्वस्थ आमालाई सङ्केत गरेको छ । यसैले यस कृतिमा शून्यको मूल्य थप्न सङ्घर्षरत कर्णालीका आमाहरूलाई प्रमुख पात्र बनाइएका बुधेकी फुपूआमा, बुवालाई चिठी (जुम्ल्याहा बच्चाकी १६ वर्षीया आमा), भेडिनी कान्छी, मृत्युपछिको अभिव्यञ्जन(कर्किनी बज्यैको कथा) र पुतली आमा गरी पाँचओटा शीर्षकमा पाँचओटा मूल कथा र शीर्षकको मूल प्रसङ्गलाई पछ्याउने अन्तर्निविष्ट अन्य पाँचओटा कथा (बेनामे लाटी, लोग्नेको पिटाइबाट गर्भस्थ शिशु गुमाएकी शान्ति, बाजुराकी बेनामे बिरामी आमा, आमाको मायाको अभावमा एन्जाइटीग्रस्त बनेकी बालिका र बलात्कारबाट बच्न निर्वस्त्र सडकमा निस्केकी युवती) गरी दशओटा कथा सङ्गृहीत छन् । यी दशओटा कथामा प्रस्तुत गरिएको अभिधेय अर्थका माध्यमबाट शून्यको मूल्य थप्न आमाहरू मात्र सङ्घर्षरत नभई परिवार, समाज र सिङ्गो राष्ट्र समर्पित भए मात्र मानव जातिको सर्वाङ्गीण विकास भई खुसी प्राप्त हुन्छ भन्ने यस कृतिबाट व्यक्त भएको मुख्य प्रतीयमान वस्तु (भावसौन्दर्य) हो । यही मुख्य प्रतीयमान वस्तुको फलकभित्र शून्यका मूल्यप्रतिरोधी तत्त्वहरू अशिक्षा, गरिबी, भेदभावलाई हटाउन र हरेक आमालाई शारीरिक, मानसिक, सामाजिक र आध्यात्मिक रूपमा स्वस्थ बनाउन परिवार, समाज र राष्ट्रविशेष मात्र नभई सिङगो विश्व नै सचेत बन्नुपर्ने भन्ने प्रतीयमान वस्तु व्यक्त भएको छ । शून्यको मूल्यको सिर्जनाको अवधि नेपालमा जनआन्दोलन-२ को सफलतापछि देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछिको अवधि हो । गणतन्त्रोत्तरकालीन नेपालको युगीन सौन्दर्यको अभिव्यक्ति गर्नु शून्यको मूल्यको अर्को उल्लेख्य पक्ष हो । लेखकले यस कृतिमा प्रतीयमान वस्तु व्यक्त गर्न भावअनुसारको भाषाको प्रयोग गरेका छन् । भाषालाई कलात्मक बनाउन लेखकले चयन, समानान्तरता, सञ्चलन र विचलनको प्रयोग गरेका छन् । शून्यको मूल्यमा गरिएका चयन, समानान्तरता, सञ्चलन र विचलनले भाषालाई कलात्मक बनाउनुका साथै प्रतीयमान वस्तुको अभिव्यक्तिमा पनि पूर्णतः सघाएकाले यसमा भावअनुसार कलात्मक भाषाको प्रयोग भएको स्पष्ट हुन्छ । यसैले *शून्यको मूल्य*मा वस्तुसौन्दर्य,

भावसौन्दर्य, युगीन सौन्दर्य र भाषिक सौन्दर्यको सामञ्जस्यपूर्ण प्रयोग भएको पाइएकाले साहित्यिक मूल्यका दृष्टिले यो नेपाली साहित्यको उल्लेख्य कृति हो भन्ने स्पष्ट हुन्छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, ज्ञानु (सन् २०२३). 'शून्यको मूल्य कृतिमा अन्तर्विषयकता'. *प्रवासन.* ६(१०), पृ. ४०-४६ ।

आनन्दवर्धन (सन् १९६४). *ध्वन्यालोक,* बदरीनाथ शर्मा (सम्पा), वाराणसी : चौखम्बा संस्कृत प्रतिष्ठान ।

केसी, नवराज (२०७९). *शून्यको मूल्य,* काठमाडौँ : साङ्ग्रिला मिडिया ग्रुप ।

ज्ञवाली, बाबुराम (२०५३). *आधुनिक व्यष्टि आर्थिक सिद्धान्त.* काठमाडौँ : कोसेली प्रकाशन ।

तामाङ, उषा (२०७९). *शून्यको मूल्य* : एक अमूल्य धारणा/ *https://www.cinkhabar.com/detail/3437*

*तैत्तिरीयोपनिषद्* (सन् १९६१). वासुदेव शर्मा (सम्पा.). *ईशाद्यष्टोत्तरपनिषद,* वाराणसी : चौखम्बा विद्याभवन ।

नेपाली, महेश (२०७९). 'शून्यको मूल्य अर्थात् आमाहरूको मूल्य'. *https://breaknlinks.com/nepali/news/ 35202553*

पाणिनि (१९९४). अष्टाध्यायी सूत्रपाठ, *सिद्धान्तकौमुदी,* भट्टोजिदीक्षित (व्याख्या). वाराणसी : चौखम्बा संस्कृत प्रतिष्ठान ।

बुद्धिसागर (२०७९). पुस्तकको पछिल्लो बाहिरी आवरणमा रहेको मन्तव्य. *शून्यको मूल्य.* काठमाडौँ : साङ्ग्रिला मिडिया ग्रुप ।

भट्टराय, चूडानाथ (२०७९). बौद्ध दर्शन, *चूडानाथ भट्टरायका दार्शनिक कृतिहरू.* जगत् उपाध्याय 'प्रेक्षित' (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

विश्वनाथ (१९५५). *साहित्य दर्पण.* कृष्णमोहन शास्त्री (सम्पा.). वाराणसी : चौखम्बा संस्कृत प्रतिष्ठान ।

शर्मा, सुकुम (२०७४). *कवि इच्छुक कविताका सन्दर्भमा* (तेस्रो संस्क.). काठमाडौँ : काष्ठमण्डप पुस्तक घर ।

*शुक्लयजुर्वेदसंहिता* (सन् १९४४). युगलकिशोर मिश्र (सम्पा.). मुम्बई : वेङ्कटेश्वर मुद्रणालय ।